रेड-नेट बुलेटिन
एसिया प्रशान्त क्षेत्र
अङ्क ४-मे २०११

वन र जलवायु नीतिमा
समताका लागि सञ्जाल

REDD net

# जेण्डर र रेडप्लस



वन क्षेत्रमा लैङ्गिक दृष्टिकोण अपनाउनाले राजनीतिक रूपमा खासै अर्थ नराखे पनि विकास र संरक्षणको प्रभावकारितामा ठूलो अर्थ राख्छ ।

एवोरभिटे म्यागजिन, अंक ४३ आइयुसिएन, २०११

रेडप्लस तथा जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय स्तरका बहसहरूले आदिबासी जनजातिहरुको आवश्यकतालाई स्पष्ट रूपमा सम्बोधन गरेको छ । तर रेडप्लस र जलवायु परिवर्तनसँग सम्बन्धित क्रियाकलापहरूलाई महिलाको अधिकार संरक्षण गर्ने कार्यमा समाहित गरेर अगाडि बढाउने प्रयासहरू भने अहिलेसम्म धेरै सिमित छन्। रेड नेटको यस बुलेटिनले रेडप्लसको योजना तर्जुमा प्रक्रिया र कार्यान्वयनले कसरी एसिया तथा प्रशान्त क्षेत्रका ग्रामीण महिलाहरूको अवस्थामा सुधार ल्याउन सकिन्छ भन्नेबारे खोजबिन गरी प्रष्टयाउन खोजेको छ ।

RECOFTC THE CENTER FOR PEOPLE AND FORESTS
odi
CATIE Solutions for environment and development / Soluciones para el ambiente y desarrollo
Uganda Coalition for Sustainable Development
CDKN Climate & Development Knowledge Network

## यस बुलेटिनमा समाविष्ट विषयहरू


३. लैङ्गिक अधिकार संरक्षणको रूपरेखा

४. सबै व्यक्तिको सहभागिता किन ?

५. इन्धन मैत्री चुल्होः सफल उदाहरण

६. एसिया प्रशान्त क्षेत्रका सिकाइहरू/पाठहरू

नेपाल : सामुदायिक वन तथा वनबाट प्राप्त अन्य फाइदाहरू

अफगानिस्तान : महिलाको सशक्तीकरणका लागि रेडप्लसको प्रयोग

भारतः उडिसाकी ग्रामीण महिलाको दैनिकी

८. रेडप्लस प्रक्रियामा लैङ्गिक सवालहरू समावेश गर्न केही सुझावहरु/सिफारिश


## घोषणा (डिस्क्लेमर)


यो बुलेटिन संयुक्त अधिराज्य (बेलायत) का विकासोन्मुख देशहरूको भलाइका लागि अन्तर्राष्ट्रिय विकास विभाग (डिएफआइडी) ले सहयोग गरेको एक परियोजना अन्तर्गत प्रकाशित गरिएको हो । तर यस बुलेटिनमा राखिएका जानकारी तथा प्रस्तुत गरिएका विचारहरू डिएफआइडीले स्वीकारेका (endorsed) हुन् भन्ने जरूरी छैन साथै डिएफआइडीले यस सम्बन्धमा कुनै पनि उत्तरदायित्व अस्वीकार गर्न सक्छ ।


## रेड नेटको बारेमा

रेड नेट रेडप्लस सम्बन्धी जानकारी आदानप्रदान गर्ने र स्रोतहरूको उपलब्ध गराउने प्रमुख माध्यम हो । दक्षिणी देशमा रहेका नागरिक समाज तथा गैरसरकारी संस्था र रेडप्लसका प्रयोगकर्ताहरूलाई लक्षित गर्दै यो नेटवर्कले गरिबमुखी रेडप्लस नीति तथा परियोजनाहरू तयारीका लागि आवश्यक जानकारी तथा स्रोतहरू उपलब्ध गराउँछ । ओभरसिज डिभेलपमेण्ट इन्स्टिच्यूट (ODI) ले नेतृत्व गरेका रेड नेटका साझेदार संस्थाहरू रिकफ्ट-वन तथा जनताका लागि केन्द्र, ट्रोपिकल एग्रिकल्चरल रिसर्च एण्ड हाइयर एजुकेशन सेन्टर (CATIE) र युगान्डा कोएलिसन फर सस्टेनेवल डिभलपमेन्ट (UCSD) हुन् ।

www.redd-net.org

# सम्पादकीय



**आदरणीय पाठकवृन्द** ! रेडप्लसमा प्रभावकारी र व्यावहारिक सुरक्षण (safeguards) को सुनिश्चितता नहुँदासम्म आदिबासी जनजाति तथा स्थानीय समुदायहरूको हक र अधिकार ओझेलमा पर्न सक्ने कुरालाई नागरिक समाज तथा अन्य गैर सरकारी संस्थाहरूले उठाउँदै आएका छन् । यस बुलेटिनले रेडप्लसले महिलाहरूलाई कुनै असर पार्दैन भनेर हामी निश्चिन्त हुन सक्छौं कि सक्दैनौ तथा रेडप्लसले एशिया प्रशान्त क्षेत्रका ग्रामीण महिलाहरूको जीवनस्तर सुधार गर्न सक्छ कि सक्दैन, भन्ने जस्ता सवालहरू पाठक समक्ष उजागर गर्ने प्रयास गरेको छ ।

सामुदायिक वन कार्यक्रमका अनुभवहरूबाट हामी के प्रस्ताव गर्न सक्छौं भने रेडप्लसका क्रियाकलापहरू समुदायका नोक्सानी र असरलाई कम गर्ने विषयमा मात्र सिमित नभई त्यस भन्दा पनि धेरै परसम्म जान सक्छ र जानुपर्छ । रेडप्लसले महिला तथा अन्य पछाडि पारिएका वर्गको अधिकार र सामाजिक तथा आर्थिक हैसियतलाई सुनिश्चित गर्दै सुधारतिर लैजान सक्ने सफल औजार बन्न सक्नुपर्छ ।

यो कार्यक्रम कार्य सम्पादनस्तरमा आधारित हुने भएकाले समुदायस्तरमा यस्ता सुधार गर्न सक्ने आवश्यक औजारहरू समेत प्रदान गर्दछ । लैङ्गिक सूचकको प्रयोगले रेड परियोजनाका भुक्तानीहरू मार्फत महिलाहरूलाई उपलब्धिमुलक योजना तर्जुमा तथा समतामूलक तवरबाट लाभांश बाँडफाँड प्रक्रियामा सहभागी गराउन तथा एसिया प्रशान्त क्षेत्रीय स्तरमा हालको सामाजिक चालचलनमा सुधार ल्याउन समेत उत्प्रेरकको भूमिका निर्वाह गर्नेछ ।

रेडप्लस मार्फत एशिया प्रशान्त क्षेत्रका महिलाहरूको अवस्थामा वास्तविक सुधार ल्याउन सकिने सम्भावना प्रशस्त भए तापनि आजसम्म अन्तर्राष्ट्रिय समुदाय, सरकारहरू तथा परियोजना सञ्चालकहरूले यो अवसर र संभावनालाई पहिल्याउन सकिरहेका छैनन् । भर्खरै प्रकाशित यु.एस.एड.को "जेण्डर र रेडप्लस : एशियास्तरको विश्लेषण" प्रतिवेदनका अनुसार रेडप्लसका हालका बहसहरू समग्ररूपमा लैङ्गिक पक्ष र विशेष गरी सिमित वैकल्पिक जीविकोपार्जनका उपाय भएका ग्रामीण महिलाहरूमा रेडप्लसले पार्न सक्ने प्रभाव बारे मौन रहेका छन् ।

महिलाहरूलाई रेडप्लसको क्रियाकलापहरू तय गर्ने तथा तिनको कार्यान्वयन गर्ने प्रक्रियामा विशेष ध्यान पुऱ्याएर अघि ल्याउनुपर्छ र उनीहरूलाई वास्तविक वन उपभोक्ता तथा आधिकारिक सरोकारवालाहरूको रूपमा पहिचान गर्नुपर्छ । त्यतिमात्र नभई रेडप्लसको सफलता नै महिलाहरूका अधिकारलाई सही रूपमा पहिचान गर्न सक्नुमा रहेकोले यसको सुनिश्चिततालाई नैतिक दायित्वका रूपमा समेत लिन सक्नुपर्छ । वनको व्यवस्थापन कसरी गर्ने भन्ने सवालमा पुरुष तथा महिलाहरूको भिन्न भिन्न अनुभव, ज्ञान तथा रणनीतिहरू समेत हुन्छन् । समुदायको जनसंख्याको आधा भागको रूपमा रहेका महिलालाई नै वन व्यवस्थापनमा समाहित गर्न सकिएन भने यसको प्रत्यक्ष प्रभाव खाद्य सुरक्षा, गरिबी निवारण तथा समग्र वन क्षेत्रको हैसियतमा समेत पर्न जान्छ ।


**रेगन सुजुकी, रेड नेट एशिया प्रशान्त संयोजक, रिकफ्ट–जनता र वनका लागि केन्द्र**
regan@recoftc.org


## लैङ्गिक कार्यशैलीका आधारभुत अवधारणाहरू

लैङ्गिक कार्यशैली वा तौर तरिकाले महिलाहरूलाई मात्र नभइ पुरूषसमेतलाई लक्षित गर्दछ । यसले देहायका पक्षहरूमा जोड दिन्छः

- महिला तथा पुरुषहरूका चाहनामा रहेको भिन्नताहरू तथा तिनको व्यावहारिक सार्थक अर्थमा, सामाजिक किसिमले उचनिचको भिन्नताहरू
- विभिन्न सन्धि सम्झौता तथा कारण परिवार, समुदाय तथा समग्ररूपमा समाजमा स्थापित महिला तथा पुरुषको स्थान,
- महिला-महिला बिच तथा पुरुष-पुरुष बिच उमेर, सम्पत्ति, जातिय पृष्ठभूमि लगायत अन्य तत्वहरूका आधारमा रहेका भिन्नताहरू, र
- सामाजिक, आर्थिक तथा प्राविधिक पक्षहरूमा आएका परिवर्तनका श्रृङ्खलाका कारण हुने लैङ्गिक भूमिका तथा सम्बन्धमा आउने परिवर्तन ।

# लैङ्गिक अधिकार संरक्षणको रूपरेखा

रेडप्लस तथा अन्तर्राष्ट्रिय स्तरका जलवायु परिवर्तनसम्बन्धी बहसहरूमा आदिबासी जनजातिहरूका सवालगत स्पष्टरूपमा सम्बोधन गर्न खो जिएको देखिन्छन्। मुख्य गरी संयुक्त राष्ट्रसंघको आदिबासी जनजातिको अधिकार सम्बन्धी घोषणापत्र (UNDRIP) र अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को निर्णय नं १६९ ले प्रष्टरूपमा उनीहरूका सवालहरूलाई अघि सार्न मद्दत गरेका छन्। तर रेडप्लस र जलवायु परिवर्तनका यस्ता बहसहरूमा महिलाको बिशेष अधिकार संरक्षणका सम्बन्धमा हालसम्म यस्ता प्रयासहरू भएका पाइँदैनन्।

महिलाहरूको सवालमा अन्तर्राष्ट्रिय स्तरमा यस्ता संरचनाहरू नभएका भने होइनन्। महिला विरूद्द हुने सबै प्रकारका विभेदहरू उन्मूलन सम्बन्धी महासन्धि (CEDAW सिडअ) लाई महिलाहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय विधेयकका रूपमा वर्णन गरिन्छ। यस महासन्धिलाई स्वीकारेर राष्ट्रहरूले महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने प्रतिबद्धता जाहेर गरेका हुन्छन्। यस्ता प्रमुख प्रतिबद्दताहरू निम्नानुसार छन्:

- राष्ट्रका नीतिगत प्रणालीमा लैङ्गिक समानता सम्बन्धी सिद्धान्तहरूलाई समेट्ने,
- भेदभाव विरुद्द महिलाहरूको प्रभावकारी रक्षाको सुनिश्चितताका लागि न्यायालय सुनुवाइ केन्द्र (tribunals) तथा अन्य सार्वजनिक निकायहरू स्थापना गर्ने
- व्यक्ति, संस्था तथा व्यावसायिक केन्द्रहरुमा हुने महिला भेदभावका सवैखाले गतिविधिहरूको अन्त्य सुनिश्चित गर्ने।

रेडप्लसमा महिलाहरूको अधिकार तथा चाहनालाई सहयोग पुऱ्याउने महत्वपूर्ण रणनीति भनेको रेडप्लस परियोजनाहरूलाई संयुक्त राष्ट्रसंघका महासन्धिहरू जस्तै सिडअ सामान्जयस्ता गर्दै जानुपर्दछ। यसरी आबद्ध गराउँदै जान सकेमा आदिबासी जनजातिहरूले युएनड्रीपमा गरेको प्रगति जस्तै महिलाहरूले पनि प्रगति गर्न सक्ने सम्भावना छ।

## क्यानकुनमा महिलाहरुका लागि नयाँ अध्याय शुरूवात ?

सन् २०१० को डिसेम्वरमा क्यानकुनमा भएको जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको १६औं सम्मेलनले पहिले पहिलेका अन्य सम्मेलन र बैठक भन्दा बढी जोडतोडका साथ जलवायु परिवर्तनमा महिलाका सवालहरूलाई उठाएको छ। क्यानकुन बैठक दुई प्रकारले महिलाहरूका लागि बढी महत्वपूर्ण मानिएको छ। पहिलो, क्यानकुन सहमतिमा लैङ्गिक यो गदानलाई महत्वपूर्ण मानि रेडप्लसको मस्यौदामा महिला र लैङ्गिक सवालमा आठवटा बुँदा समावेश गरिनु र उक्त बैठकको प्रतिनिधित्व तथा नेतृत्वमा महिलाहरूको उल्लेख्य सहभागिता रहनु (उक्त बैठकहरूमा जलवायु परिवर्तन सम्बन्धी राष्ट्र संघीय संरचना महासन्धिकी कार्यकारी सचिव क्रिष्टियाना फिगुएरन्स र पक्षराष्ट्रहरूको सम्मेलनकी अध्यक्ष मेक्सिकोकी प्याट्रिसिया एस्पिनोजाले नेतृत्व गरेका थिए)। त्यसै गरी बैठक अवधिको प्रमुख आकर्षणका रूपमा रहेको महिलाको नेतृत्व सम्बन्धी साइड इभेन्ट आयरल्याण्डकी पूर्व राष्ट्रपति मेरी रोबिन्सनले गरेकी थिइन्।



जहिलेसम्म महिलाहरूले रेडप्लसमा खेल्न सक्ने भूमिकालाई महसुस गरिदैन, तवसम्म रेडप्लसका कारणले वनलाई आफ्नो जीविकोपार्जनको माध्यम बनाइरहेका महिलाहरुलाई वेफाइदा पुऱ्याउन सक्ने खतरा रहिर हन्छ।

*जिनेट गुरुङ*
*कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापनमा परिवर्तनका लागि महिला संगठन (**wocan**–ओकान)*
*युएसए*

# सबैको सहभागिता किन ?

कम्बोडियाका आदिवासी तथा ग्रामीण समुदायहरूका महिलाहरू तथा पुरुषहरूले प्रयोगमा ल्याउने गैर काष्ठ वन पैदावर र वन स्रोतहरूमा धेरै भिन्नता पाइन्छ । उदाहरणका रूपमा मह संकलनलाई लिन सकिन्छ । मह संकलन एउटा जोखिमपूर्ण कार्य हो र यसका लागि रूख चढ्न सिपालु तथा कमभन्दा कम मौरीको टोकाइमा सफलतापूर्वक चाका निकाल्न सक्ने व्यक्तिको जरूरत पर्छ । त्यसकारण यसमा पुरूषहरू वढी संलग्न हुन्छन् । महिलाहरू यसको प्रशोधनमा संलग्न हुन्छन् र फेरी यसलाई बेच्ने कार्य भने पुरुषहरूले नै गर्दछन् । यहाँ महिला र पुरुष बिच श्रम विभाजन भएको देखिन्छ ।

**हेङ चिन्दा**
**समुदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापन सिकाइ केन्द्र**
**कम्वोडिया**

वनभित्र लगाउने कुनै प्रजातिको छनौट र वनको व्यवस्थापन प्रक्रियामा एउटै समुदायमा पनि व्यापक फरकपन पाइन्छ । उदाहरणका लागि आरनमा काम गर्ने व्यक्तिहरूले कोइला बनाउनका लागि कडा काठ युक्त प्रजातीहरू मन पराउँछन्, धार्मिक कामको लागि धार्मिक महत्व भएका रूखका प्रजातिहरूलाई बढि महत्व दिन्छन् भने स्थानीयरूपमा परम्परागत उपचार पद्धतिमा काम गर्ने (local healers) हरूले जडिबुटीका बिरुवाहरूलाई बढि जोड दिन्छन् । यस्ता प्रक्रियामा अत्यन्तै सहभागीतामूलक र समावेशी प्रक्रिया अपनाउन सकिएन भने कुनै निश्चित समूहहरू खासगरी जोखिममा परेका समूहहरू छुट्न सक्ने सम्भावना हुन्छ जसको प्रभाव गरिबी न्यूनीकरण, खाद्य सुरक्षा र जैविक विविधतामा समेत पर्न जान्छ ।

पुरुष तथा महिलाहरूका वन सम्बन्धी आवश्यकता फरक फरक हुनु स्वाभाविक हो । यसलाई कुनै स्थान विशेषले फरक पार्दैन । साधारणतया एशिया प्रशान्त क्षेत्रका महिलाहरू यस्ता प्रजातिहरूले घरायसी इन्धन, डालेघाँस तथा खाद्य सुरक्षामा ठूलो भूमिका निर्वाह गर्ने बहुउद्देस्यीय प्रजातिहरू लगाउन बढि मन पराउँछन् । त्यसकारण ठूलाठूला काठजन्य उत्पादनको साटो झाडियुक्त प्रजातिलाई बढी मान्यता दिन्छन् जसले हावालाई रोक्ने कार्य समेत गर्दछ । काठको बिक्रि तथा प्रशोधनमा महिलाहरूको सिमित संलग्नता हुनाले उनीहरू आफुले प्रशोधन तथा बजारीकरण गर्न सक्ने प्रजाति जस्तैः निम, टमारिन्ड (tamarind), औषधिजन्य वनस्पतिहरू र (गम,फलफूल, मह उत्पादन हुने) गैर काष्ठ वन पैदावर जन्य प्रजाति लगाउन मन पराउँछन् । तर यी क्षेत्रहरूमा पुरुषहरू भने बढि मूल्य आउने वन पैदावरहरू (मूख्य गरी काठ) उत्पादन हुने साल, मसला, सल्ला, टिक, खयर, गंमारी जस्ता प्रजातिहरू लगाउन मन पराउँछन् ।

महिला तथा पुरूषका यी चाख र चाहनाहरू बिच प्रत्यक्षरूपमा प्रतिस्पर्धा रहेको हुन सक्छ । महिलाहरूको रोजाई बहुउपयोगी वन प्रजातिहरूमा हुने हुँदा कृषि वन पद्धति (agroforestry) अपनाउनु वन व्यवस्थापनको एक उपयुक्त रणनीति हुन सक्छ । तर रेडप्लस परियोजनाहरूले बढी कार्बन घनत्व भएका रूख प्रजातिहरूलाई जोड दिने हुँदा कम मात्र कार्वन सोस्न सक्ने कृषि वनहरू यसका लागि आकर्षक नहुन सक्छन् । त्यसैले रेडप्लसले बढि कार्बनयुक्त बृक्षारोपणलाई जोड दिएर महिलाका लागि बढी फाइदाजनक बहुउपयोगी वन खेती प्रणालीलाई कम महत्व दिने जोखिम देखिन्छ ।

## रेडप्लस नेट अन्तरवार्ताः ओकान

**कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापनमा परिवर्तनका लागि महिला संगठन (ओकान) की कार्यकारी निर्देशक जिनेट गुरूङसँगको अन्तर्वाताः**




**प्रश्नः ओकानका हालका कार्यहरूमा रेडप्लस किन बढी महत्त्वपूर्ण भएको हो ?**

**उत्तरः** रेडप्लसका गतिविधिहरूमा महिलाहरूको बहिष्करण र लैङ्गिक सवालहरूमाथि भएका वेवास्ताहरू नै ओकान स्थापना हुनुको प्रमुख कारण हो । यस्ता सवालहरूमा सबैलाई सचेत गराउनु ओकानको प्रमुख उद्देश्य हो । हामी रेड र वातावरणको क्षेत्रमा प्राविधिक विज्ञता र ज्ञान भएका महिलाहरुको क्षमता अभिवृद्दि गर्ने कार्य गर्छौं । यसले उनीहरूको क्षमता र दक्षतालाई लैङ्गिक दृष्टिकोणमा एकाकार गर्न मद्दत गर्छ । अन्ततः हामी समग्र निर्णय प्रक्रिया र लाभांश वितरण कार्यमा महिलाहरूको भूमिका गहन रहेको कुरा हाम्रा कार्यहरू मार्फत सबै समक्ष लैजान चाहन्छौं ।

**प्रश्नः तपाईंहरूले हालै मात्र युएसएडका लागि प्रकाशन गर्नु भएको प्रतिवेदन "जेन्डर र रेडप्लसः एशियास्तरको क्षेत्रिय विश्लेषण" मा प्राप्त निस्कर्षहरूका आधार मा अब रेडप्लसमा अघि बढ्न ओकानले कुन कुन महत्त्वपूर्ण कुराहरूलाई ध्यान दिनु हुन्छ?**

**उत्तरः** सर्बप्रथमतः ओकानले रेडप्लस प्रक्रियामा हाल गर्दै आएको पैरवी/बहसको गतिलाई केहि वढाउनु पर्ने देखिन्छ । हामी अब एकदमै स्पष्ट भइसकेका छौं कि लैङ्गिक सवालहरूलाई कसरी रेडप्लसका क्रियाकलापहरूमा एकीकृत गर्न सकिन्छ भन्ने विषयमा कुनै मोडेल र नमुना परियोजनाहरूको जरूरत छ जसले अन्य व्यक्तिहरूलाई उदाहरण दिन सकोस् हामी अहिलेको त्यो प्रतिवेदनलाई रेडप्लसका कार्यहरूमा लैङ्गिक सवालहरूमा देखिएको अपूर्णताका बारेमा सबै जनालाई सूचित गर्न प्रयोग गरीरहेका छौं । यसको प्रमुख उद्देश्य समग्र कार्य प्रक्रियामा लैङ्गिक सम्बोधनका लागि सबै मिलेर संयुक्त प्रभाव पार्नु हो ।

ओकानका कार्यहरूबारे विस्तृत जानकारीका लागि, www.wocan.org हेर्नुहोस् ।

# इन्धन किफायती चुलोको उदाहरण



यदि रेडप्लस तथा अन्य विकास परियोजनाहरूमा महिलालाई उच्च प्राथमिकताका साथ स्थान दिने हो र ती महिलाहरूको जीवनमा सुधार ल्याउनका साथै वन विनाश घटाउन पनि ठुलो मद्दत गर्ने हो भने इन्धन किफायती चुल्हो एउटा उपयुक्त माध्यम हुन सक्छ ।

वन विनाशका मुख्य कारकहरूलाई नियालेर हेर्ने हो भने त्यहाँ एउटा महत्वपूर्ण लैङ्गिक सवाल युक्त तत्त्व भेटिन्छ जसले जति महत्त्व पाउनुपर्ने हो त्यति पाइराखेको छैन । वायोमासले विकासोन्मुख देशका गरिब जनताहरूको जीवनमा महत्त्वपूर्ण भुमिका खेलेको हुन्छ । मुख्यतया खाना पकाउने र घर न्यानो बनाउने कार्यका लागि मुख्य ऊर्जाको रूपमा वायोमास रहेको हुन्छ । यसका लागि दाउरा संकलनको मुख्य जिम्मेवारी महिला र बालबालिकाहरूमा रहेको हुन्छ । यदि दाउरा संकलनको कार्यले व्यावसायिक रूप लियो भने मात्र त्यसमा पुरुषको संलग्नता बढ्छ । वनको क्षेत्रफल र हैसियत घट्दै गएको परिवेशमा महिला र बालबालिकाले दाउरा संकलनका लागि अत्यधिक समय खर्चनु परेको छ । यसले गर्दा महिलालाई अन्य क्रियाकलापहरू गर्न तथा बालबालिकालाई अध्ययन गर्न समय कम हुने गरेको छ ।

वन विनाशको दरमा दाउरा संकलन कार्यको भूमिका त्यति धेरै प्रभावजन्य हुँदैन भन्ने ठान्नु गलत हुन जान्छ । उदाहरणका लागि जनगणतन्त्र लाओसमा प्रतिवर्ष सालाखाला २४ लाख टन[१] दाउरा खपत हुन्छ भने काठको प्रयोग दर प्रतिवर्ष ६०० देखि १० लाख टन[२] सम्म भएको पाइन्छ । आशियन (ASEAN) मुलुकहरू[३]मा समग्ररूपमा काठ तथा कृषि उपजको रहलपहल (मकैको ढोड, गहुँको छ्वाली आदि) ले जम्मा ऊर्जा खपतको ४० प्रतिशत भाग ओगटेका छन् ।

कम गुणस्तरको इन्धन आपूर्ति तथा अप्रभावकारी चुल्हो जस्ता इन्धन खपत सामग्रीहरूले व्यक्तिको स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउँछ । मुख्य गरी घरभित्रको प्रदूषणले इन्धन सामग्रीहरूसँग नजिकै रहेर काम गर्ने महिलाहरू बढी जोखिममा पर्ने गर्छन् । अझ भन्ने हो भने दाउराको अभावसँगै अनुकुल हुँदै जाने उपायका रूपमा पोषण युक्त खाने कुराहरू जस्तै दाल कम प्रयोग गर्न थाल्छन् । यसले अन्त्यमा शरीरमा पौष्टिक तत्त्वको कमी भई कुपोषणको सिकार हुनुपर्ने हुन्छ । मुख्य गरी यस्ता समस्या बालबालिकामा बढी देखिन्छन् । यसकारण यदि हामीले इन्धन खपत हुने चुल्होको प्रबर्द्धन गर्न सकेमा महिलाको जीवनमा राम्रो प्रभाव पर्नुको साथै वनको अवस्थामा समेत सकारात्मक प्रभाव पर्न सक्ने देखिन्छ ।

चीनको धेरै जसो ग्रामीण भेगहरूमा महिलाहरूले वन व्यवस्थापनमा ठूलो भूमिका खेलेका छन् । काठ काट्ने र भित्र्याउने कार्यबाहेक जुनसुकै वन व्यवस्थापनका कार्य पनि महिलाले गर्न सक्छन् । यसका लागि वनमा गरीने र गर्नुपर्ने विविध क्रियाकलापहरूलाई महिलाहरूले गर्नुपर्ने अन्य नियमित कार्यहरूको समय तालिकासँग मेल खाने बनाउनुपर्छ । यी कार्यलाई रेडप्लसको भुक्तानी प्रक्रिया वा रेडका प्रमुख क्रियाकलापहरू स्थानीय स्तरका महिला संगठनहरूमार्फत गरि एमा अझ बढी मूल प्रवाहीकरण गर्न सकिन्छ।

ऊ शुइरोङ
चाइनिज एकेडिमी अफ फरेष्ट्री, चीन

---

१ Laos PDR Department of Energy statistics, 2005.

२ Southavilay, T. *Timber Trade and Wood Flow Study.* Lao PDR Regional Environmental Technical Assistance, Poverty Reduction & Environmental Management in Remote Greater Mekong Subregion (GMS) Watersheds Project (Phase I).

३ ASEAN member countries: Brunei Darussalam, Cambodia, Indonesia, Lao PDR, Malaysia, Myanmar, Philippines, Singapore, Thailand, and Vietnam.

# एसिया प्रशान्त क्षेत्रका सिकाइहरु

## नेपालः सामुदायिक वन कार्यक्रम र वनबाट हुने अन्य फाइदाहरु

नेपालमा गरिएको एक अध्ययनले देखाएवमोजिम नेपाली महिलाहरुले पुरुषको दाँजोमा प्रत्येक दिन ४-५ घण्टा बढी काम गर्छन् ।[४]

यदि वन क्षेत्र राम्रो व्यवस्थापन हुन सक्यो भने महिलाहरुको जीवनयापन प्रक्रिया धेरै सरल हुनेछ । विभिन्न कुराहरुले गर्दा नेपालको वन व्यवस्थापनमा कुनै निश्चित जात वर्ग तथा जान्ने सुन्नेहरुको बोलबाला रहेको छ । यदि कार्वन शोषण प्रक्रिया (Carbon sequestration) लाई एकमात्र र प्राथमिक लक्ष्य मान्ने हो भने त्यसबाट महिला तथा गरीबहरूले वनबाट प्राप्त गरिरहेका धेरै सेवा सुविधाहरू गुमाउँछन् । त्यसबाट हुनेखानेहरूको लागि केही असर पर्दैन ।

**बसुन्धरा भट्टराई**
**फरेष्ट एक्शन, नेपाल**

कतिपय अवस्थामा घर त्यसी आर्थिक कारोवारहरू महिलाहरूले सञ्चालन गरेको देखिए तापनि यसलाई निर्णय प्रक्रियामा सामेल हुने सामर्थ्यता भएको बराबर मान्न सकिदैन यसमा हाम्रो समाजमा रहेको वर्गीय भिन्नताले धेरै काम गरेको छ । गरिब परिवार जसका महिलाहरूलाई दैनिक गुजाराका लागि घर वाहिर निस्केर काम गर्नुपर्ने बाध्यता छ, उनीहरू आयआर्जन र आर्थिक कारोवारमा बढी उत्तरदायी र अधिकार प्राप्त पनि छन् ।

**रमा आले**
**हिमवन्ती नेपाल**



कुनै कुनै परिवेशमा सामुदायिक वन कार्यक्रम महिलाहरूको सशक्तिकरणमा अत्यधिक सफल भएको छ । यसै गरी यदि रेडप्लसलाई राम्रोसँग संरचना गर्न सकिएमा यसले महिलाहरूलाई सकारात्मक फाइदा दिने प्रशस्त संभावना रहेको छ ।

नेपालमा महिलाहरू प्राथमिक उपभोक्ता तथा वन व्यवस्थापकका रूपमा आफ्ना आधारभूत र घरायसी आवश्यकता पूर्तिका लागि वनमा अत्यधिक भर परेका छन् । नेपालको सामुदायिक वन अभियानका शुरूका दिनहरूमा महिला समुहहरू बढी सक्रिय रहेका थिए । उनीहरू सामुदायिक वनको व्यवस्थापन निकायमा समान सहभागिताका लागि संघर्षरत रहेर ५० प्रतिशत महिला प्रतिनिधित्व सुरक्षित गर्न सफल पनि भए ।

सामुदायिक वन उपभोक्ता समितिका महिला सदस्यहरूको बिचारमा सामुदायिक वनबाट प्राप्त हुने प्रत्यक्ष भौतिक फाइदाहरूका अलावा आफ्नो घरको चौघेराभन्दा बाहिर निस्केर सार्वजनिक रूपमा आफूलाई अभ्यस्त राख्न पाउनु नै सामुदायिक वनबाट भएको एउटा प्रमुख फाइदा हो । उनीहरू हाल सामुदायिक वन उपभोक्ता समूहका साधारण सभा, तालिम तथा गोष्ठी र वन समूह व्यवस्थापन क्रियाकलापहरूमा सक्रियता पूर्वक भाग लिन्छन् । उनीहरूको विचारमा घरधन्दाबाट केही बाहिर निस्केर व्यक्तिगत विकासमा समेत सहभागी हुन पाउने यो राम्रो अवसर हो । यसले उनीहरूको आयआर्जनमा समेत केहि बृद्धि हुनसक्ने, घर वाहिरका कार्यहरूमा जान मान्य हुने र घरमा समेत आफ्नो हैसियत केहि राम्रो भएको महशुस गर्न थालेका छन् ।

सामुदायिक वनको अर्को सकारात्मक प्रभाव भनेको समाजमा उत्तरदायी र जवाफदेही समुदायस्तरको संस्था स्थापना गर्न योगदान पुऱ्याउनु हो । दलित, गरिब र महिलाहरूको समतामूलक समावेशीकरणमा सामुदायिक वनले जगाएको उत्साहले स्थानीय तथा राष्ट्रिय स्तरका निर्णय प्रक्रियाहरूमा समेत ती वर्गहरूको समावेशीकरणमा सहयोग पुऱ्याउनेछ ।

सामुदायिक वन जस्तै रेडप्लस परियोजनाहरूमा पनि पारदर्शी तथा उत्तरदायी बजेटिङ, कार्बन अनुगमन तथा समग्र परियोजना व्यवस्थापनको आवश्यकता पर्दछ । यदि राम्रोसँग कार्यान्वयन गर्न सकिएमा यी सवै क्रियाकलापहरूद्वारा महिलाहरूलाई सामाजिक परिवेश र सार्वजनिक गतिविधिहरूमा संलग्न गराउन तथा लैङ्गिक संवेदनशील संस्थाहरू स्थापना गर्न मद्दत पुग्नेछ ।

### महिलाहरूलाई सहभागी नगराउँदा के हुन्छ ?

संसारका धेरै भागहरूमा माहिलाहरूलाई औपचारिक निर्णय प्रक्रियाहरूबाट धेरै जसो टाढा राखिन्छ । नेपालको एउटा उदाहरणमा गैरसरकारी संस्थाका कार्यकर्ताहरूले केही वर्ष अघि नयाँ बनेका सा.व.उ.स हरूलाई निर्णय प्रक्रियामा महिलाहरूलाई संलग्न गराउन अनुरोध गरेका थिए । तर एउटा सा.व.उ.सले महिलाका सवालहरू समुहका पुरुष सदस्यहरूले नै प्रतिनिधित्व र सम्बोधन गरेको भन्दै उक्त सुझाव कार्यान्वयन गर्न आनाकानी गरे ।

त्यस पश्चात् सा.व.उ.सले वनबाट सुकेका दाउराहरू नियमित रूपमा निकाल्न पाउने नियम बनाए । समुदायमा रहेका पुरुषहरू दाउरा संकलन गर्ने प्राथमिक वर्ग थिएनन् । त्यसैले समितिले गरेको यो निर्णय महिलाहरू समक्ष सही रूपले सञ्चार हुन सकेन । महिलाहरूले सुक्खा तथा हरिया दुवै प्रकारका दाउराहरू पहिले जसै गरी निकाले । उनीहरू तुरुन्त नै पक्राउ परे । जब महिलाहरू पक्राउ परे घरका सबै कामहरू अलपत्र परे र घरमा खाना समेत नपाक्ने अवस्था आयो । अन्त्यमा पुरुषहरूले महिलालाई छोडिदिनका लागि आग्रह गरेपछि महिलाहरूलाई छाडियो । यसप्रकार कम्तीमा एउटा सा.व.उ.स.मा भए पनि महिलालाई वन व्यवस्थापनबाट टाढा राख्नुको परिणाम कस्तो हुँदो रहेछ भन्ने पाठ सिकियो ।

[४] Nandini Azad. 1999. *Engendered Mobilization – The Key to Livelihood Security: IFAD's Experience in South Asia*. Rome: IFAD.

## अफगानिस्तानः महिला सशक्तिकारणमा रेडप्लसको प्रयोग

अफगानिस्तानमा भएको लामो समयको द्वन्द्वको कारणले देशको आर्थिक सामाजिक र प्राकृतिक वातावरणमा ठूलो क्षति पुऱ्याएको छ । यसले त्यस देशका ग्रामीण जनताहरू मुख्यगरी महिला समुदायमा धेरै असर पारेको छ । सन् १९९० को दशकको अन्त्यतिर अफगानिस्तानको जम्मा जनसंख्याको ३६ प्रतिशत गरिबीमा बाँचेको तथ्याङ्क छ । यसमध्ये ७० प्रतिशत जनसंख्या महिला र बालिका[५]को रहेको थियो । अफगानिस्तानमा कम्तीमा पनि सत्तरी हजार (७०,०००) जति घरधुरीहरू महिला त्यसमा पनि बढीजसो एकल विधवा महिलाहरूले नेतृत्व गरिरहेका छन् ।[६] अफगानिस्तानको घरायसी ऊर्जाको प्रमुख स्रोत भने को दाउरा हो तर वनको क्षेत्रफल जम्मा १.५ प्रतिशतमा झरिसकेको अवस्थामा आवश्यक ऊर्जाको आपूर्तिमा ज्यादै ठूलो अप्ठ्यारो स्थिति श्रृजना भएको छ । यसको प्रत्यक्ष प्रभाव परम्परागत रूपमा घरायसी ऊर्जा आपूर्तिमा जिम्मेवार महिलाहरूलाई परेको छ ।

अफगानीहरूले सामना गरिरहेको वातावरणीय तथा सामाजिक दुवै प्रकारका चुनौतीहरूलाई रेडप्लसले सहीरूपमा समाधान गर्न योगदान दिन सक्छ । यसले हैसियत कम भएका वन क्षेत्र तथा खेर गएका जमिनहरूमा पुनः रूख रोप्ने काम गरेर घरायसी आवश्यकतालाई परिपूर्ति गर्ने अवसर श्रृजना गर्न सक्छ । यी कार्यसँग सम्बन्धित क्रियाकलापहरू (जस्तैः वृक्षरोपणका लागि वन नर्सरीको स्थापना तथा व्यवस्थापन, वन व्यवस्थापनमा योगदान) गर्नाले यसबाट रेडप्लस तथा स्वच्छ विकास संयन्त्र (CDM) अन्तर्गत सहयोग मिल्न सक्ने देखिन्छ ।

अझ महत्वपूर्ण कुरा त के छ भने बिरुवा रोप्ने कार्यलाई इस्लामिक मान्यता बमोजिम नैतिकरूपमा ठूलो कार्य मानिन्छ र घरायसी ऊर्जाको आपुर्तिमा महिलाको भूमिकालाई समेत समाजले सांस्कृतिक रूपमै मान्यता प्रदान गरेको छ । अहिलेसम्म द्वन्द्वमा संलग्न कुनै पनि पक्षले अफगानिस्तानका महिलाहरूको रूख विरूवा रोप्ने कार्यलाई अवरोध पुऱ्याउने र विरोध गर्ने कार्य गरेका छैनन् । यसकारण पनि वन पुनःस्थापना र वृक्षरोपण तथा संरक्षण कार्यमा महिलाहरूको संलग्नता अफगानिस्तानका लागि जित जितको अवस्था सावित हुन्छ ।



[५] FAO. 1997. *Women's Participation in National Forest Programmes*, Economic and Social Development Department, Food and Agriculture Organization of the United Nations (FAO).

[६] Hassan, Z. and P. Kant, 2011. *REDD in Afghanistan: Empowering Women and Increasing Access to Energy*. IGREC Working Paper 20.

## भारत : उडिसाकी ग्रामीण महिलाको जीवनको एक दिन

धान रोप्ने समय/सिजनमा एक भारतीय ग्रामीण महिलाको दिनचर्या कस्तो हुन्छ ? यदि रेडप्लस परियोजना यस्ता व्यक्तिहरूसमक्ष आउने हो भने त्यस्ता महिलाको दैनिक तालिकामा रेड प्लसलाई कसरी स्थान दिन सकिन्छ ? उडिसाकी कृषक महिलाको दैनिकीका केही बुँदाहरू तल प्रस्तुत गरीएको छः

| | |
|---|---|
| बिहान ३:३० | उठ्ने र चुलो सफा गर्ने |
| ३:४५ | कफी बनाउने |
| ४:१५ | घरवरिपरि सफा गर्ने र गहुँत । छर्कने |
| ४:४५ | गाईवस्तुको गोठ सफा गर्ने |
| ५:१५ | खाना बनाउन |
| ६:०५ | खाना लिएर खेत जाने र रोप्न शुरू गर्ने |
| ८:१५ | खेतमा बिहानको खाना खाने |
| ८:३० | फेरि रोप्न शुरू गर्ने |
| दिउँसो १:०० | दिउँसोको खाना खाने र केही समय आराम गर्ने |
| १:३० | रोप्ने कार्य नियमित गर्ने |
| ४:३० | खेतबाट फर्कने |
| ४:४५ | वस्तुभाउहरूको रेखदेख गर्ने |
| साँझ ५:१५ | सार्वजनिक इनारबाट पानी तान्ने |
| ६:०० | खाना तयार गर्ने |
| ७:०० | बेलुकाको खाना खाने |
| ७:३० | भोलिपल्टको कामको तयारी गर्ने |
| ८:३० | सुत्न जाने । |

# रेडप्लसमा लैङ्गिक सवालहरु समाविष्ट गर्ने सुझावहरु[७]

१ रेडप्लसको तयारी र कार्यान्वयनका चरणहरूमा लैङ्गिक मूल प्रवाहीकरणका औजारहरू, (जस्तै लैङ्गिक विश्लेषण तथा रणनीतिक योजना तर्जुमा) लाई समावेश गर्ने

२ हाल प्रयोगमा रहेका रेडप्लस सम्बन्धी मापदण्ड तथा निर्देशिकाहरूमा लैङ्गिक सूचकहरू संलग्न गराउन लैङ्गिक अनुगमन तथा मूल्याङ्कन प्रणालीहरूको विकास गर्ने ।

३ महिलाहरूलाई एक छुट्टै सरोकारवाला समूहका रूपमा हेर्न चेतनामूलक कार्य गर्ने,

४ महिला सशक्तीकरणका लागि दक्ष नेतृत्व बनाउन महिलाहरूको प्राविधिक तथा नेतृत्व क्षमता विकास/अभिबृद्धि गर्ने

५ रेडप्लस परियोजनाहरूमा महिलाहरूको संलग्नता (मुख्यतया प्राविधिक सहयोग तथा आर्थिक फाइदा प्राप्त गर्ने) का सम्बन्धमा उनीहरू कै संस्थाहरूलाई बलियो बनाई आफ्ना कुराहरू राख्न सक्षम बनाउनु ।

६ रेडप्लसको व्यवस्थापन गर्ने निकायहरूमा कम्तीमा पनि ३० प्रतिशत महिलाहरूको अनिवार्य प्रतिनिधित्व कायम गराउने ।

७ वनका उत्पादन तथा कार्बनमा महिलाका अधिकारहरूलाई औपचारीक मान्यता दिनका लागि अधिकार र स्वामित्वका सवालहरूलाई सम्बोधन गर्ने ।

८ महिलाका योगदानहरूलाई पहिचान गर्दै उपयुक्त रूपमा पुरस्कृत गर्ने तथा फाइदाको बाँडफाँड गर्ने प्रणालीको विकास गर्ने ।

९ वन व्यवस्थापकका रूपमा उनीहरूको अनुभव ज्ञान र भूमिकाको कदर गर्दै वातावरणीय सेवाको भुक्तानी (PES) लाई समेत प्रयोगमा ल्याउन सक्ने नमुना परियोजनाहरू सञ्चालन गर्ने

१० ग्रामीण महिलाहरूलाई वन कार्बनवाट आय आर्जन गर्नका लागि सञ्चालित नमूना परियोजनाहरूबाट नयाँ नयाँ सृजना र सिकाइहरूको विकास र विश्लेषण गर्ने

थप जानकारीका लागि, कृपया www.red-net.org हेर्नुहोला ।

[७] Based on recommendations from the 2011 working draft *USAID Gender and REDD+: A Regional as Asessment* by Jeannette Gurung, Kalpana Giri, and Abidah Setyowati.




REDD net · RECOFTC THE CENTER FOR PEOPLE AND FORESTS · odi · CATIE Solutions for environment and development / Soluciones para el ambiente y desarrollo · CDKN Climate & Development Knowledge Network